# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मोरंग, विराटनगर
## प्रदेश न. १ नेपाल

छपाईका सामानहरु खरिदको लागि वोलपत्र आव्हानको

**॥ सूचना ॥**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/०३/३१**

१. विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले वोलपत्रको माध्यमवाट नमुना अनुसारको छपाईका सामानहरु खरिद गर्न विराटनगर महानगरपालिका यो वोलपत्र आव्हन गर्दछ ।

२. योग्य वोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा वोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्ः।

खरिद कर्ता : विराटनगर महानगरपालिका, मोरङ्ग
फोन नं : ०२१.५१४०७०

३. शिलवन्दी वोलपत्र सम्वन्धी कागजात यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र रु.३०००। तिनहजार कृषि विकास वैंक विराटनगरमा रहेको यस महानगरपालिकाको आम्दानि खाता न. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको सक्कलै भौचर यस कार्यालयमा वूझाए पछि यस कार्यालयवाट वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

४. इच्छुक फर्म, कम्पनी वा संस्थाले वोलपत्र खरिद गर्दा आ.व. २०७८।०७९ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र र आ.व. २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखि प्रोपाइटर स्वयमं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

५. वोलपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन सम्म दिनको १२ बजे भित्र शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि शिलबन्दी फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा सिलबन्दी वोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको वोलपत्र फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ ।

६. दर्ता भएका फारामहरु वोलपत्रको हकमा ३१ औं दिन दिनको १ बजे वोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

७ वोलपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८ वोलपत्र साथ यस कार्यालयको कृषी विकास बैंक मूख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता.नं.०६०१६०११४५९७३०३२ मा रु.९९०००॥ (उनान्सय हजार) जम्मा गरेको सक्कल भौचर संलग्न राख्नू पर्नेछ वा मान्यताप्राप्त वैकंवाट कम्तीमा ९० दिनको मान्यता भएको वैकं ग्यारेन्टीको सक्कलै पत्र संलग्न राख्नुपर्नेछ ।

९. वोलपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

१०. वोलपत्र, आंशिक रुपले स्वीकार गर्ने वा पुर्ण रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. नमुना अनूसारको छपाईका सामाग्रीहरु खरिद आदेश पाएको मितिले ७ सात दिन भित्र विराटनगर महानगरपालिकामा उपलव्ध गराउनु पर्नेछ ।

१२. कार्यालय सामान दाखिला हुन आउदा ग्यारेन्टी वारेन्टीको कागजातहरु पनि संलग्न हुनुपर्नेछ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलव्ध गराईएको दरभाउपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१४. सो घोषणपत्र समावेश गर्नुपर्नेछ । खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाभ्कि र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात वोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

१५. रकम भुक्तानी गर्दा १.५ प्रतिशत आयकर, १.५ प्रतिशत न.पा. शूल्क र ५ प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने विलको रकम वाट कट्टा गरी भूक्तानी गरिनेछ ।

## कामको विवरण

| सि. नं. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम | सूचना | लागत स्टीमेट (भ्याट वाहेक |
|---|---|---|---|---|---|---|
| १. | छपाईका सामाग्रीहरु नमुना अनुसारको | वोलपत्र | ३०००। | ९९०००। | ३० दिन | ३५५२२८३।३३ |